# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चन्द्रकोट गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चन्द्रकोट गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन


चन्द्रकोट गाउँपालिका

गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल


## दूरदृष्टि (VISION)



**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*


## गन्तव्य (MISSION)



**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**


*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)



| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ५५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

चन्द्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

शान्तिपुर, गुल्मी ।

१. **कैफियत सहितको राय –** हामीले चन्द्रकोट गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. ३ करोड ४९ लाख २९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रु. ४ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ५३ लाख ८३ हजार र नियमित गर्नुपर्ने रु. २ करोड ९१ लाख ३६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म सम्परीक्षण पश्चात रु. २ करोड ८७ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ३६ लाख ८७ हजार रहेको छ । **पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

चन्द्रकोट गाउँपालिका,

गुल्मी,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | ६९ | ३४९२९ | ० | ० | ० | ७६ | ६९ | ३४९२९ | ४१० | २९१३६ | ५३८३ | ० | ० | ३४५१९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ४९१९२ | ० | २०४३४ | २८७५८ | ० | ३४९२९ | ६३६८७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | - | - | - |
| | **चालु वर्षको जम्मा** | - | - | - |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | २०७८।७९ | ६.६ | बहाल कर - असुल | ४२,९७९।- |
| २ | २०७८।७९ | १०.४ | वितरणको भरपाइ - प्रमाण पेश | १,२५,०५०।- |
| ३ | २०७८।७९ | १०.५ | परामर्श सेवाको लागत अनुमान - नियमित | १९,६६,२००।- |
| ४ | २०७८।७९ | १०.६ | बढी भुक्तानी - असुल | ८५,७५०।- |
| ५ | २०७८।७९ | १३ | कर्मचारी करार - नियमित | १५,०९,०५५।- |
| ६ | २०७८।७९ | १९.१ | निर्माण व्यवसायीबाट काम गराएको - नियमित | ९१,६९,६२६।- |
| ७ | २०७८।७९ | १९.३ | वडा कार्यालय भवनको कम्पाउण्ड तथा गेट निर्माण -नियमित | ४,८१,१४२।- |
| ८ | २०७८।७९ | २२ | क्याम्पस अनुदान - नियमित | ५,००,०००।- |
| ९ | २०७८।७९ | २६.१ | थप बालबिकास केन्द्र स्थापना - प्रमाण पेश | १९,२७,५००।- |
| १० | २०७८।७९ | २७.२ | बढी भुक्तानी - असुल | १,४४,०००।- |
| ११ | २०७८।७९ | ३१.२ | टुक्रा खरिद गरिएको - अनियमित | १६,९८,६७५।- |
| १२ | २०७८।७९ | ३१.३ | बीमा भुक्तानी -असुल | २२,९५६।- |

| | | | | |
|---|---|---|---|---|
| १३ | २०७८।७९ | ३१.४ | खानेपानी तथा सरसफाई कार्यक्रम - नियमित | १६,९१,०३३।- |
| १४ | २०७८।७९ | ३३.१ | लागत सहभागिता - नियमित | १०,६९,९५०।- |
| | **गत विगतको जम्मा** | | | **२,०४,३३,९१६।-** |
| **कुल जम्मा** | | | | **२,०४,३३,९१६।-** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय :-** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस २०७४ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस चन्द्रकोट गाउँपालिका अन्तर्गत ८ वडा, ४१ सभा सदस्य, १०५.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ६६२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१२ देखि २०८०।०६।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ४६४५६६०७२, राजश्वतर्फ रु. ११७४९७१२.७८, धरौटीतर्फ रु. ६४६१९६१.६७, को गरी जम्मा रु. ६६३२७९७२१.१६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११३९६१५४०, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १४३५४७९६, र अन्य रु. १२३७२३६१ समेत गरी रु. १४०६८८६९७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २९३४५३४.८९ , यस वर्षको प्राप्ति रु.१६९७८०७७०.६०, र यस वर्षको भुक्तानी रु. १५२०३१०६१.२८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३७८९१६८३.५८ | ४५२६७२७३२.४ | ४७०४२२४४१.७२ | २०१४१९७४.२६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४०८२६२१८.४७ | ६२२४५३५०३ | ६२२४५३५०३ | २०१४१९७४.२६ |
| फरक | २९३४५३४.८९ | १६९७८०७७०.६० | १५२०३१०६१.२८ | ०.०० |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ४०८२३९६०.४८ मौज्दात रहेकोमा यो वर्ष रु. ४०८२६२१८.४७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२२५८।- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३ **बजेट तथा कार्यक्रम**

३.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **बजेट सीमा निर्धारण समिति**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.४ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री बिष्णु प्रसाद भण्डारीले मिति२०७९। ३।१० गते रु.५० करोड ७९ लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ३१८५०९२.५४ | ७०६५१६.१२ | ७७१३८०.५ | १७०७१९५८५. | ८९७५६११९. |
| २ | पूँजिगत खर्चतर्फ | १४६०५६८४७. | १७२७४३. | २२७८०८२ | १०६००१७.७२ | ५३६५७२. |
| | **जम्मा** | **४६४५६६०७२.** | **८७९२५९२८.** | **९९९१८८३७** | **२७६७२१३.६४** | **१४३४१३४०१.** |
| | **प्रतिशत** | **८६.६४** | **१८.९३** | **२१.५१** | **५९.५७** | **३०.८७** |

पालिकाले त्रैमासिक खर्च विवरण उपलब्ध नगराई चौमासिक रुपमा उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४६४५६६०७२।-निकासा भएकोमा प्रथम चौमासिकमा रु. ८७९२५९२८।-अर्थात १८.९३ प्रतिशत, दोश्रो चौमासिकमा रु.९९९१८८३।-,अर्थात २१.५१ प्रतिशत र तेश्रो चौमासिकमा रु.२७६७२१३०६।-, अर्थात ५९.५७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१४३४१३४०१।—अर्थात ३०.८७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.६ **लक्ष्य प्रगति** :कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको

देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढि |
| कार्यक्रम संख्या | ७७५ | १३१ | ११ | २२ | ४२ | ५६९ |

सैद्धान्तिक बेरुजु

३.७ **अबण्डा बजेट—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ५१ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७९।१०।४ को निर्णयबाट पुजीगततर्फ सडक निर्माण शीर्षकमा रु.१९६५९८१।-बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.८ **क्षेत्रगत बजेट र खर्चको स्थिति:** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा | |
| १ | आर्थिक विकास | २९८३५०. | २२७८७२६९ | ४.९१ | ७०४७७३० |
| २ | सामाजिक विकास | २८४८८९००० | २५८८५६४३७ | ५५.७२ | २६०३२५६२ |
| ३ | पूर्वाधार विकास | ८९९४३००० | ७८३५८२८७ | १६.८७ | ११५८४७१२ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १०९४७००० | ७३७७९८७ | १.५९ | ३५६९०१३ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १२०५३९००० | ९७१८६०९० | २०.९२ | २३३५२९०९ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ५३६१५३००० | ४६४५६६०७०. | १००. | ७१५८६९२६ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी **५५.७२** प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.५९ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

३.९ **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१ करोड १७ लाख ४९ हजार, राजस्व बाँडफाँडबाट रु. ७ करोड ४४ लाख ६९ हजार र अनुदानबाट रु.५२ करोड ९७ लाख ५१ हजार तथा धरौटी रु.६४ लाख ६२ हजार, प्रकोप व्यवस्थापनमा रु.२२ हजार र गत बर्षको मौज्दात रु.४ करोड ८ लाख २६ हजार समेत रु. ६६ करोड ३२ लाख ७९ हजारआम्दानी भएकोमा चालु तर्फ रु. ३१ करोड ८५ लाख ९ हजारर पूँजिगत तर्फ रु.१४ करोड ६० लाख ५६ हजार, बित्तिय ब्यबस्था तर्फ रु.१७ करोड ४७ लाख ३८ हजार र विभिन्न कोषमा रु.३८ लाख ३३ हजार समेत रु.६४ करोड ३१ लाख ३८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८९ लाख १८ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७५.९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५ प्रतिशत चालु र ३५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.१० **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७९।८० को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|
| १६४ | ३६८ | ९१ | ८९ | ७७१ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.२० हजार देखि ६० लाख सम्मका जम्मा ७७१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १६४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४ कानून निर्माण एवं कार्यान्वयन

४.१ **कानून र सञ्चालन स्थितः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३० वटा ऐन, ५ वटा नियमावली, ७० कार्यविधि, निर्देशिका २ तथा नर्म्स २ लगायत १०९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले १०९ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु मध्ये केहि राजपत्रमा प्रकाशन गरेतापनि सबै प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी शत् प्रतिशत कार्यान्वयनमा ल्याई सेवा प्रवाहलाई सुदृढ गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **न्यायिक समिति–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको १० गरी कुल १३ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई ७बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

### ५.१ वजेट व्यवस्थापनतर्फ

- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

सैद्धान्तिक बेरुजु

५.२ **म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः**

- म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको
- म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको
- म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

सैद्धान्तिक बेरुजु

५.३ **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः**

♣ म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको

♣ म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

सैद्धान्तिक बेरुजु

५.४ **सूचना प्रविधी पद्दतिः**

♣ कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको

♣ सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरे नगरेको

♣ सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको

♣ सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको

सैद्धान्तिक बेरुजु

५.५ **बेरुजु लगतः**

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

- म. ले. प. फाराम ८०१ — बेरुजु लगत
- म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
- म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
- म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
- म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेको

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६ संगठन तथा कर्मचारी ब्यवस्थापन

६.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६.२ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ४ पदमा ४३ जना कर्मचारीहरु करारमा राखि रु.१०१३५१०६।-खर्च लेखेको छ ।
त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न २ पदमा २० जना करार नियुक्ति गरी पारिश्रमिक, चाडपर्व खर्च र पोशाक सुविधा वापत बर्षभरीमा रु.६६४२२९०।-भुक्तानी गरेको अनियमित देखएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६६,४२,२९० |

६.३ कर्मचारी प्रोत्साहन भत्ताःस्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कार्यविधी बनाई सूचकको आधारमा यो बर्ष

रु.४७१५३०१।५८ प्रोत्साहन भत्ता खर्च गरेको छ । आन्तरीक आम्दानी न्युन रहेको पाईएकोले कार्यालयको कार्यबोझको आधारमा र कार्यसम्पादनको आधारमा खर्च लेख्नतर्फ ध्यानदिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ सेवा प्रवाह विवरण

७.१ **सेवाप्रवाहको स्थिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | - |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ६८६ |
| मृत्युदर्ता | २११ |
| बसाईसराई दर्ता | १६४ |
| विवाह दर्ता | ३०४ |
| सम्बन्धविच्छेद दर्ता | १५ |
| पूर्वाधार विकास सडक निर्माण | - |
| कालोपत्रे सडक निर्माण | - |
| कालोपत्रे सडक मर्मत | - |
| ग्राभेल सडक निर्माण | - |
| ग्राभेल सडक मर्मत | २१०६ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

सैद्धान्तिक बेरुजु

७.२ **वडा सचिवको पदपूर्ति** :पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ३ | ५ |

सैद्धान्तिक बेरुजु

## ८ अनुदान फिर्ता, वितरण र उपयोग

८.१ **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८०।३।२८ मा रु.२२७२५५७७।६८ फिर्ता गरेकोमा बैंकबाबाट २०८०।४।५ मा चेक साटेको पाईयो ।

सैद्धान्तिक बेरुजु

८.२ **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु६६०००००।-अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ आर्थिक सहायता र अन्य विविध खर्च

९.१ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.५०००००।-आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायताको खर्चको लागि कार्यविधी बनाएको नपाईएकोले सो खर्चको सिमा समेत यकिन हुन सकेन । पालिकाले यस्तो खर्चको लागि कार्यविधी बनाई खर्च कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१९९०३८४।-खर्च गरेको छ। सो खर्च रकममा न्युनीकरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.३ **महोत्सव तथा अन्य खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल १९३६७५।- उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

१० **सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पाङ्ग्रे सवारि साधन खरिदमा रु.५९६५०००।-बजेटबाट खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.८९१८५००।-सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ८ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २७ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २३००० | २३००० | १६९००० | १०५००० | १०४००० | ४२४००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | यातायात खर्च | ० | ० | ९६००० | ५७६००० | ९४५०० | २४८१००० |
| ३ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २८८००० | २१६००० | ७८७५०० | १३६९५०० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | २८८००० | २१६००० | ६३०००० | १२३०००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ५७६००० | ३९६००० | ९४५०० | २१३३००० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | ३८४००० | १४४००० | - | ६६०००० |
| ७ | खानेपानी सरसफाई | ६०००० | ६०००० | - | - | - | १२०००० |
| ८ | मर्मत संहार र बिजुली | ६०००० | ६०००० | - | - | - | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | ६०००० | ९६००० | ६६००० | १८९००० | ३८१००० |
| **जम्मा** | | **४४००००** | **३९८०००** | **२७६१०००** | **१७१९०००** | **३६००५००** | **८९१८५००** |

सैद्धान्तिक बेरुजु

१३ **ठेक्का व्यबस्थापन**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएकोदेखिन्छः

(रु. हजारमा)

| **कुल निर्माण खर्च** | **सोझै खरिद** | | **सिलबन्दी दरभाउपत्र** | | **बोलपत्र** | | **तेश्रो चौमासिकमा व्यवस्था भएको** | |
|---|---|---|---|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| १५३०९६ | ३९ | १२५३ | ३ | ९४५७ | १० | १४१२८३ | १ | ११०४ |

सैद्धान्तिक बेरुजु

१४ **बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को

नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४६०५६८४७।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १५ सम्पत्ति हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १६ धरौटी फिर्ताः

मुल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली २०५३ अनुसार पालिकाले निर्माण व्यवसायी तथा फर्महरुको धरौटी फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाणको आधारमा फिर्ता गर्नुपर्दछ । कार्यालयले निम्न व्यवसायीहरुको धरौटी फिर्ता गर्दा कर समायोजनको पत्र विना रु. ७९३५९९।- फिर्ता गरेको छ । यसरी फिर्ता गरेकोमा कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.

| **गो भौ नं./मिति** | **फर्मको नाम** | **आर्थिक वर्ष** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ०७।२०७९।०६।११ | बस्नेत कन्स्ट्रक्सन | २०७७।७८ | २५१४८१ |
| ०८।२०७९।०६।११ | चन्द्रकोट कन्स्ट्रक्सन | २०७७।७८ | २१८५१२ |
| १६।२०७९।१०।२४ | आकृति मालिका कन्स्ट्रक्सन | २०७७।७८ | ३२३६०६ |
| **जम्मा** | | | **७९३५९९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९३,५९९ |

## १७ कर दस्तुर एवं आन्तरिक आय

१७.१ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९७ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१ करोड १७ लाख ४९ हजार अर्थात अनुमान भन्दा २१.१३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी थप आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१७.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२११२५३२१.३८ | ११७४९७१२.७८ | ३.६६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१७.३ **कर तथा शुल्क असुली**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| - भुमिकर/मालपोत | १०००००० | ८०४६२४. | ८०.४६ |
| - वहाल कर | ८००००० | १०४६१८ | १३.०७ |
| - अन्य स्रोतबाटप्राप्त रोयल्टी | २२००००० | २२४९४८५ | १०२.२४ |
| परिक्षा शुल्क | १००००० | ० | ० |
| - नक्सापासदस्तुर | ५००००० | ७०१. | ०.१४ |
| - सिफारिशदस्तुर | ७००००० | १३११२ | १.८७ |
| - व्यक्तिगतघटना दर्ता दस्तुर | ४००००० | २९२५. | ०.७३ |
| - नाता प्रमाणितदस्तुर | ५००००० | ४१५५. | ०.८३ |

| | | | |
|---|---|---|---|
| - अन्य दस्तुर | २०००००० | २०९५८५३. | १०४.७९ |
| अन्य राजश्व | ५००००० | २३२८३१२.७८ | ४६५.६६ |
| - व्यवसाय कर | १०००००० | ११३५८७ | ११.३५ |
| **जम्मा** | **९७०००००** | **११७४९७१२.७८** | **१२१.१३** |

पालिका भित्र रहेका करदाताहरुको घरधैलोमा गई खटिएका कर संकलकहरूबाट राजश्व असूल गरेको देखिएतापनि प्रशासनिक खर्चको तुलनामा असुली न्युन देखिन्छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख समेत अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्ने तथा असूलीमा अविभृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७.४ **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । पालिकाले सोको कार्यविधी बनाएको भएतापनि यस बर्ष दर्ता हुन आएको पाईएन । पालिकाले उल्लेखित कानून अनुसार सवारीको दर्ता अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७.५ **मनोरञ्जन कर**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२०४१५००।-का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

¬ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

¬ आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

¬ आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

¬ औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

¬ औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १९ परामर्श सेवा

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको शिलवन्दि दरभउपत्रबाट खरिद गरी रु.१४९३९०५।-खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **परामर्शदाता** | **स्वीकृत बजेट** |
|---|---|---|---|
| चन्द्रकोटगाउँपालिका भित्रको सडक गुरुयोजना तयार | हेवाइलइन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १५०००००।- | १४९३९०५।- |
| **जम्मा** | | **१५०००००।-** | **१४९३९०५।-** |

सैद्धान्तिक बेरुजु

## २० डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|
| चन्दरकोटगाउँपालिका भित्रका वढीगाढ खोला खहरे खोलाको iee | बार्वराइन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५००००० | ४०११५०।- |
| हर्राचौरओलीबाङ्ग सिन्धुरघसे सडकको डि.पि.आर | सेभेन कलर्समल्टिपर्पोज कन्सल्टेन्सी प्रा.लि. | १०००००० | ९९८४३४।- |
| **जम्माः** | | | १३९९५८४।- |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

२१ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२)मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

सैद्धान्तिक बेरुजु

२२ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत कट्टी गरेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राखु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

२३ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ६ सम्मका विद्यार्थीहरुलाई प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक

हाजिरीको प्रमाणितप्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो, तेस्रो र चौथो त्रैमासिक निकासा दिंदा पहिलो त्रैमासिक निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ४७ विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.२८।०७९।८।२६ बाट रु. १७१२४४५।—दोस्रो किस्ता गो.भौ.८५।०८०।२।२ बाट रु.२३०५४८५।- र तेस्रो किस्ता निकासा गो.भौ.१३१।०८०।३।२० बाट रु.२९६२०५८।-गरी जम्मा रु.६९७९९८८।- विद्यालयहरुलाई निकासा दिएको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छ ।

२४.१ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराईस्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी कार्यालयले प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाईतिन किस्तामा मात्रै निकासा गरेको पाईयो ।कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिनेतर्फ पालिकाले ध्यादिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ (च)मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्कफुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिदगर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्नेर भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवाखाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवाखाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवं कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीयतहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२४.३ कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पालिकालेविद्यालयहरुले पेश गरेको विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थिको तथ्याङ्कको आधारमा चौमासिक रुपमा दिवा खाजाको रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थिको तथ्याङ्क भन्दा बढी देहायको विद्यालयहरुलाई निकासा दिएको पाईयो । अतः उक्त रकम असूल गरी दाखिला हुनुपर्दछ, रु

| **सि.नं** | **विद्यालयको नाम** | **बढी विद्यार्थी दिन** | **खाजाको दर** | **बढि निकासा रु.** |
|---|---|---|---|---|
| १ | उदय मा.वि. | ११९१ | १५।- | १७८५६।- |
| २ | ज्ञानोदय मा.वि. | ४३६ | १५। | ६५४०।- |

| | | | | |
|---|---|---|---|---|
| ३ | शारदा मा.वि. | ४६०६ | १५। | ६९०९०।- |
| ४ | रामकोट आ.वि. | २४८६ | १५। | ३७२९०।- |
| ५ | सरस्वती मा.वि. | ५३१ | १५। | ७९६५।- |
| ६ | जनता बाल निकेतन मा.वि. | ८९४ | १५। | १३४१०।- |
| ७ | जनता आ.वि. वडा नं-७ | ८१६ | १५। | १२२४०।- |
| **जम्मा** | | | | **१६४३९१।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,३९१ |

२५ **प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाई**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को २.५.१ मा शिक्षण सिकाई सामाग्री तथा BOOK CORNER व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा १-५ को लागि रु.१५०।-, शिक्षण सिकाई सामाग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ६-८ को लागि रु.२००।-र कक्षा ९-१० को लागि रु.२००।- का दरले र कक्षा ११ र १२ मा रु.२५०।- का दरले हुने एकमुष्ठ रकम विद्यालय खातामा निकासा दिने र सोहि अनुसार तोकिएको क्रियाकलाप विद्यालयले सम्पन्न गर्ने उल्लेख छ । पालिकाले यस बर्ष सो कार्यक्रमको लागि गो.भौ.१३२।०८०।३।१९ बाट विभिन्न ४३ विद्यालयलाई रु.१९०३५५०।—खर्च लेखेको पाईयो । कार्यालयले खर्च लेख्दा उदय मा.वि.लाई IEMIS मा भएको तथ्याङ्क भन्दा कक्षा ९-१० मा ३३ जनाको हुने रु.६६००।- तथाकक्षा ११ र १२ मा १५ जनाको हुने रकम रु.३७५०।— गरि जम्मा रु.१०३५०।—बढि रकम विद्यालय खातामा निकासा दिएको पाईयो । यसरी बढि निकासा दिएको रकम रु.१०३५०।-सम्वन्धित विद्यालयबाट असूल हुनुपर्दछ, रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३५० |

२६ **विद्यालयलाई लाईब्रेरी व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं ९.५ मा विद्यालयलाई लाईब्रेरी व्यवस्थापनको लागि विद्यार्थि संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखि आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००।-निकासा दिने व्यवस्था छ । त्यस्तैस्थानिय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुबाट प्रस्तावको आधारमा विवरण संकलन गर्नुपर्ने व्यवस्था छ । माध्यमिक तहमा अंग्रेजी र विज्ञान बिषय पढाईरहेका, कम्प्युटर ऐच्छिक विषयको रुपमा अध्यापन गराईरहेका एवं शिक्षकलेICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव समेत विद्यालयहरुबाट संकलन गरी प्राथमिकिकरणका आधारमा पालिकाबाट विद्यालय छनौट गर्ने उल्लेख छ । यसरी छनौट भएका विद्यालयले आवश्यक सामान खरीद गर्दा नमूना विद्यालय संचालन निर्देशिका, २०७४ र सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा देहायका विद्यालयलाई देहायको प्रयोजनमा निकासा दिएकोमासो छनौटको स्पष्ट आधार देखिएन । साथै निम्नानुसारको कार्य गर्दा विद्यालयले सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार

गरे नगरेको स्पष्ट नभएको र विद्यालय जिन्सी खातामा दाखिला भए नभएको समेत प्रमाण पेश हुन आएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया गरेको प्रमाण, स्पेशिफिकेसन तथा सम्झौता वमोजीमको कार्य भएको अनुगमन समितिको प्रतिवेदन साथै विद्यालयले समेत सार्वजनिक खरीद ऐनको परीधी अनुसार खरीद गरेको साथै पालिकास्तरीय अनुगमन समितिबाट अनुगमनको प्रमाण पेश हुने, रु.

| सि.नं | विद्यालय | विज्ञान प्रयोगशाला | पुस्तकालय व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|
| १ | श्री ग्वाघा मा.वि, चन्द्रकोट-५ | ६५००००।- | | ६५००००।- |
| २ | श्री शारदा मा.वि, चन्द्रकोट-१ | - | ६५००००।- | ६५००००। |
| **जम्मा** | | **६५००००।-** | **६५०००००।-** | **१३०००००।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

## २७ सेनीटरी प्याड खरीद

२७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालीकाले नियमावलीको व्यवस्था अनुसार २४०mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको सेनीटरी प्याडको लागत अनुमान तयार समेत नगरी १२३७५ प्याड खरीदको लागि दरभाउपत्र मार्फत प्रति प्याड रु.८०।—ले हुने रु.९९००००।—को एन्जल टच हाईजिन म्यानुफ्याक्चरीङ्गसँग सम्झौता गरेको पाईयो ।पालिकाले सम्झौता अनुसारको सामान प्राप्त भएको जनाई गो.भौ.७९।०८०।१।११ बाट रु.९९००००।-भुक्तानी गरेको पाईयो । पालिकाले विद्यार्थिहरुले सम्वन्धित शैक्षिक शत्रमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको चौथों त्रैमासिकमा मात्रै खरीद गरेकोले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री शैक्षिक सत्र सुरु हुँदाको समयमा नै खरीद गरी बर्षभरी नै उपयोग हुनुपर्दछ । अतः पालीकाले लक्षित विद्यार्थीहरुलाई सुविधा उपभोगको वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७.२ पालिकाले खरीद गरेको उल्लेखित १२३७५ सेनिटरी प्याड जिन्सि खातामा आम्दानी जनाएको छ । तर सो सेनिटरी प्याड सोहि आर्थिक बर्षमा वितरण नगरि लेखापरीक्षण अवधिमा विद्यालय शिक्षकलाई बुझाएको जनाई भरपाई पेश गरेको छ । पालिकाले पेश गरेको IEMIS रेकर्डमा कक्षा ६-१२ सम्मको विद्यार्थि संख्या ११९० रहेकोमा पालिकाले १२५३ विद्यार्थिको लागि हुने सेनिटरी प्याड शिक्षकलाई बुझाएको जनाएकोमा विद्यालयको जिन्सी खातामा दाखिला छ, छैन साथै लक्षित विद्यार्थीहरुले सुविधा उपभोग गरे नगरेको सम्वन्धमा यकिन हुन सकिएन । विद्यालयको यसरी आर्थिक बर्षको अन्तिममा आएर खरीद गर्ने र सोको वितरण समेत नहुँदा लक्ष्य अनुसारको उपलव्धी नहुने देखिन्छ । उल्लेखित सेनिटरी

प्याडको हुने रु.९९००००।–(१२३७५ प्याड) को विद्यालयमा जिन्सी दाखिला गरी सम्वन्धित लाभग्राहिलाई वितरण गरी सोको भरपाई पेश हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९०,००० |

२८ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु. १२१२४३०।– आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **पाईप मौज्दात**

२७६।२०८०।०२।०८- सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आवस्यकता पहिचान गरेर सोही आधारमा जिन्सी सामान खरिद गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले खानेपानी तथा सिंचाई योजनामा प्रयोग हुने पाईप योजनाको पहिचान नगरी कुन योजनामा कति पाईप आवस्यक पर्ने हो सो को एकिन नगरी रु- ९८९७३८।– मुल्य बराबरका विभिन्न १० साईजका ४५२० मीटर एचडिपीई पाईप सरलयन्त्र प्रा.लि. कालिकानगर बुटवलबाट खरिद गरी आर्थिक बर्षको अन्त्यमा मौज्दात राखेको छ । पालिकाले खानेपानी योजनाको सुनिश्चित र कति परिमाणमा कुन योजनालाई वितरण गर्ने सुनिश्चित नगरी पाईप खरिद गर्नु उपयुक्त देखिएन । खरिद गरीएका पाईप खानेपानी योजनामा हस्तान्तरण र जडान गरेको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८९,७३८ |

३० **खरिद कारबाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका , लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ।नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१ **१५ शैया अस्पताल निर्माण**

गाँउपालिकाले वडा नं. ६ हरेवा चन्द्रकोटमा आवास सहित ९ रोपनी जग्गामा १०११ बर्ग मिटर क्षेत्रफलमा २.५ तलाको १५ शैयाको अस्पताल निर्माणको लागि निर्माण व्यबसायी तुल्सीभक्त कन्ष्ट्रक्शन प्रा.लि.बालकुमारी काठमाडौसँग मिति २०८०।३।९ भित्र निर्माण कार्य सक्ने गरी २०७८।०३।१० मा रु.१३६६४४७३६।३३ को सम्झौता गरेकोमा शुरु तोकिएको मितिमा निर्माण कार्य सम्पन्न हुन नसकि पालिकाको मिति २०८०।३।९ को निर्णयले मिति २०८१।३।१० सम्म म्याद थप गरेको छ । यस आर्थिक बर्ष सम्म दोस्रो रनिगं विल सम्म रु-६१८६३५०४।९७ भुक्तानी खर्च लेखेको छ ।तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गर्नको लागि पालिकाले पहल गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभर हेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।साथै पालिकाको बार्षिक नीति तथा कार्यक्रममा उपभोक्ताद्वारा हुने काममा न्युनतम १० प्रतिशत उपभोक्ताको योगदान रहने उल्लेख रहेको छ ।जस अनुसार पालिकाले निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ।तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको रकम असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,७५८ |

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४ **प्रशासिकय भवन निर्माण**

गाँउपालिकाले वडा नं. हरेवा चन्द्रकोटमा गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि रु.१२२१५२०९९।४१ को लागत अनुमान तयार गरी घटी कबोल गर्ने निर्माण व्यबसायी स्वच्छन्द सुसन लर्डबुद्द ललितपुरसँग मिति २०८१।५।११ भित्र निर्माण कार्य सक्ने गरी २०७८।०९।११ मा रु.६७९२९६७६।- को सम्झौता गरेकोमा यस आर्थिक बर्ष सम्म चौथो रनिङ विल सम्म रु.२३२९७८५०।१८ भुक्तानी खर्च लेखेको छ ।तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गर्नको लागि पालिकाले पहल गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **आवास पुनः निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्नप्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न सबै वडामा १६१ छनौंट भएका मध्ये विभिन्न १५१ जना व्यक्तिहरुसँग सम्झौता गरी १४३ जनालाइ प्रथम किस्ता वापत रु- ४२९००००।— भुक्तानी गरेकोमा १३२ जना लाभग्राहीले मात्र दोस्रो किस्ता वापत रु- २६४००००।— भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरेकोले ११ जना लाभग्राहीले दोस्रो किस्ता वापतको रकम लिन नआएकोले प्रथम किस्ता वापत रु.३३००००।— अनुदान उपलव्ध गराएकोमा दोस्रो किस्ता वापत भुक्तानी लिन नआएकोले बाँकी रहेको किस्ता भुक्तानी लगि प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.

| प्रमाण पेश नगरेको | ३,३०,००० |
|---|---|

३६ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, ६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने ब्यबस्था रहेको छ । पालिकाले त्रिवेणि ग्वाघा शान्तिपुर रोहटेखोला सडक स्तरोन्नतीको विओक्यू को आइटम नं- ११ को Filling with transported River Gravel in 15 cm thick layer को काम ११२।५० घन मीटर भएकोमा कार्य सम्पन्नमा ११८।२५ घन मी- को भुक्तानी गरेकोले ५-७५ घन मी-को रु-१३००।— को दरले रु-७४७५।— बढी भुक्तानी गरेकोले काम नभएको बढी परीमाण भुक्तानी भएको रु- ७४७५।- अशुल हुनु पर्ने रु-

| असुल गर्नुपर्ने | ७,४७५ |
|---|---|

३७ **विद्यालय भौतिक पूर्वाधार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) अनुसार करारका सर्त वमोजिम प्राविधिक नापजाँचा गरी नापी कितावमा उल्लेखको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी दिन पर्ने उल्लेख छ । साथै स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा स्थानिय तहले आफ्नो कार्यक्षेत्र भित्र सञ्चालन भएका आयोजना पुरा भए नभएको सम्बन्धमा अनुगमन गर्नु पर्ने व्यबस्था रहेको छ । गाँउपालिकालेराष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा अन्य योजना अन्तर्गत देहायका विद्यालयहरुमा चार कोठे र दुई कोठे विद्यालय भवन निर्माण गरी निर्माण कार्य सम्पन्न भएको भनि रकम भुक्तानी गरेकोमा पालिकाले तयार गरेको कार्य सम्पन्न प्रतिवेदनमा विद्यालय व्यबस्थापन समितिको र विद्यालय प्रधानाध्यापकले प्रमाणित नभएको तथा गाउँपालिकाले गरेको अनुगमनमा निर्माण कार्य पुरा नभएको भनिएता पनि भुक्तानी गरेकोले पालिकाबाट बाँकी निर्माण कार्य सम्पन्न भए नभएको सम्बन्धमा एकिन गरीनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३८ **आलु पकेट विकास कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ को परिच्छेद–४ को ४.१.४ मापकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । साथै पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि पहाडमा खाद्यान्न वालीको लागि न्यूनतम २० हेक्टर, आलु तरकारी वालीको लागि ७ र फलफूलको लागि ७ हेक्टर हुनुपर्ने उल्लेख छ । पालीकालाई यस बर्ष तरकारी आलु विकास कार्यक्रम संचालनको लागि रु.१२०००००।–रकम विनियोजन भएकोमा सो सम्वन्धी विवरण निम्नानुसार छन् ।

३८.१ पालिकाले आलु पकेट विकास कार्यक्रम संचालनको लागि २०७९।७।३ मा प्रस्ताव मागको सूचना आव्हान गरेको पाईएकोमा एक मात्रै प्रस्ताव पेश हुन आएको जनाई २०७९।७।२४ को निर्णयबाट उद्यमशिल कृषक समूह, वडा नं-१ लाई छनौट गरी कार्यक्रम दिने निर्णय गरेको छ । पालिकाले पर्याप्त समय दिई पुनः प्रस्ताव माग नगरेको कारण सूचना अभावको कारण कृषकहरु सो सेवाबाट वञ्चित हुनु परेको अवस्था देखियो, अतः समयमा र पर्याप्त समय दिई सूचना प्रकासन गरी प्राप्त प्रस्तावबाट छनौट गरी कार्यक्रम संचालन हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८.२ आलु पकेट विकास कार्यक्रम संचालनको निर्देशिका अनुसार उल्लेखित ७ हेक्टर जमिनको मापदण्ड पुगेको कृषक समुहलाई मात्रै छनौट गर्नुपर्नेमा पालिकाले उद्यमशिल कृषक समूहको ११ जना कृषकले पेश गरेको निर्देशिकाले तोकेको मापदण्डको एक तिहाई भन्दा न्युन क्षेत्रफल रहेको तथा खेतिको लागि कित्ता नम्वर समेत नखुलेको जग्गाधनी प्रमाणपूर्जा पेश गरेको आधारमा छनौट गरेको पाईयो । पेश गरेको जग्गाधनी प्रमाणपूर्जा मध्ये अधिकांश खरबारीको कित्ता नम्वर उल्लेख गरेको छ । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत पालिकाले निज समुहसँग सम्झौता गरी रु.२०७८१४२।–को कार्य भएको जनाई पालिकाले गोःभौ.१३१।०८०।३।१९ बाट रु.११६७२३८।–भुक्तानी दिएको छ । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत अनुदान दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ११,६७,२३८ |

३८.३ उद्यमशिल कृषक समूहले पेश गरेको कार्यको रु.२०७८१४२।–को मूल्याङ्कन भएकोमा पालिकाको योगदान हुने रु.११४३२०४।–सो समुहलाई भुक्तानी दिने गरी टिप्पणि सदर भएकोमा पालिकाले गोःभौ.१३१।०८०।३।१९ बाट रु.११६७२३८।–भुक्तानी दिएको छ । यसरी वास्तविक कार्यभन्दा बढि भुक्तानी भएको रकम रु.२४०३४।-सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,०३४ |

३९ **प्राविधिक बील र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत

अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **पाम्सको प्रयोग**

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ ।पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फखरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **राष्ट्रिय शिक्षा नीतिको पालना**

४१.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४१.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४१.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

¬ निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।

¬ मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

¬ निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।

¬ शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।

¬ अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ

सैद्धान्तिक बेरुजु

४२ **लघुउद्यम कार्यक्रम**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि यस बर्ष रु.२८६००००।-रकम विनियोजन भएकोमा रु.२३४५३८६।-खर्च गरेको पाईयो । पालिकाले यस बर्ष विभिन्न प्राविधिक सिपमूलक तालीम संचालन गरी विभिन्न सहभागिलाई तालीम प्रदान गरि उपकरणहरु समेत वितरण गरेको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

४२.१ गरीवी निवारणको लागि लघु उद्यमविकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को ७७(३) मा उद्यमीलाई प्रदान गरीने प्रविधी खरीदको रकम मध्ये न्युनतम बिस प्रतिशत रकम प्र्रविधि सामान प्राप्त गर्ने उद्यमीको तर्फबाट र बाँकि पालिकाबाट योगदान रहनुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष देहायका उद्यमीहरुलाई प्रविधी हस्तान्तरण गरेको पाईएकोमा उद्यमीहरुको तर्फबाट आफ्नो योगदान व्यहोरेको पाईएन । निर्देशिकाले तोकेको प्रकृया पुरा नगरी भुक्तानी गरेकोमा पालिकाले अति पिछडिएको क्षेत्रमा तालिम गरी प्रविधि हस्तान्तरण गरेकोले उद्यमीको तर्फबाट योगदान उठाउन नपाईएको जनाएको छ । यसरी निर्देशिका अनुसार पालिकाले कार्यसम्पादन नगरेको रकम नियमसम्मत नदेखिएको, रु.

| **क्र.सं.** | **तालिम कार्यक्रमको नाम** | **सहभागी** | **उपलब्ध सामाग्रीहरु** | **रकम** | **२०% ले हुने** |
|---|---|---|---|---|---|
| १. | प्रविधि हस्तान्तरण कार्यक्रम | | | | |
| क. | सिर्जनशिल महिला लघुउद्यम समुह चन्द्रकोट-४ | 2 समुहमा | होजियारी मेशिन तौल मेशिन स्पेयर | 128494 | २५६९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. | शान्तिपुर तरकारी बाली कृ. स. चन्द्रकोट | " | " | | |
| २. | 3 दिने आलु खेति तालिम चन्द्रकोट-2 | 35 जना | आलु, कुटो, बिऋदी, मल | ६७३६० | १३४७२ |
| ३. | 3 दिने मौरीपालन तालिम स्तरोन्नती | 21 जना | धुवादानी, स्टाण्ड, क्वीनगेट, टोपी | ९७४४० | १९४८८ |
| ४. | 3 दिने बेमौसमी कृषि खेति तालिम | २० जना | कुटानी मेशीन, पोली टंङ्की, सिकेचर, लगायतका सामान | 279597 | ५५९१९ |
| **जम्मा** | | | | **४४४९९७** | **११४५७७** |

| | |
|---|---|
| अनियमित भएको | १,१४,५७७ |

४२.२ पालिकाले यसरी गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पुनः अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरी अनुदानको सहि सदुपयोग गर्नुपर्ने देखिन्छ । पालिकाले सो सम्वन्धमा आधिकारीक रुपमा अनुगमन गरेको अवस्था छैन, सो सम्वन्धमा ध्यानदिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **कृतिम गर्भाधान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राखुपर्ने व्यवस्था छ । पालिकाले कृतिम गर्भाधारण मिसन कार्यक्रम अन्तर्गत औषधि खरीद गरेको भनि विन्दवासिनी एग्रोभेट सेण्टरलाई विभिन्न गो.भौ.बाट रु.१५६६१०।-खर्च देखाएको छ । पालीकाको बार्षिक विवरण परीक्षण गर्दा यस बर्ष ६१ वटा गाई तथा ७२ वटा भैंसिमा मात्र कृतिम गर्भाधान सेवा उपलव्ध गराएको देखियो ।पालिकाले कृषकहरुलाई आर्थिक बर्षभर प्रदान गर्ने सेवामा अझै सुधार हुनु जरुरी देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको, कम अवधिको विमा गराएको, विमांक रकम कम गराएको तथा तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको

कारण म्याद थप गरी निर्माण कार्य भइरहेको एवं कतिपय ठेक्काको निर्माण कार्य सम्पन्न भइ त्रुटी सच्याउने अवधि रहेकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ एवं कम अविधको विमा गराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ त्रुटी सच्याउने अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४५ **बैठक भत्ता खर्च**

लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ, साथै बुदा न १(ङ) मा बैठकमा सहायक कर्मचारी एक जना र सहयोगी कर्मचारी एक जनाका साथै विशेष सेवा आवश्यक परेको अवस्थामा बढिमा तीन जना आमन्त्रित सदस्यका रुपमा राख्न सकिने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गर्दा सम्बन्धित पदाधिकारीले गर्नुपर्ने काममा र कार्यविधिले तोकेको भन्दा बढी आमन्त्रित राखी भुक्तानी गरेको पाइयो। यसरी निर्देशिकाको उक्त प्रावधान विपरित भत्ता खर्च लेखेकोले अनियमित देखिएको रु.

| अनियमित भएको | ३,४५,००० |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४६ **कार्यालय संचालन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा ऐन बमोजिम राख्नुपर्ने लेखा ठिकसँग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ ।धारा, पानी, टेलीफोन, विजुली जस्ता कार्यालय सञ्चालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्न सक्ने अवधिमा भुक्तानी गर्नुपर्ने हुन्छ । लेखापरीक्षको क्रममा परीक्षण गर्दा सवारी कर ढिला भुक्तानी गरी विभिन्न १२ वटा मोतरसाईकल एकै दिनमा नविकरण गरी रु.११३४०।-जरिवाना समेत भुक्तानी गरी कार्यालयको दायित्व थप गरेको देखियो । समयमा महशुल बुझाउन नसक्दा जरिवाना सहित भुक्तानी गर्नुपरेकोले आगामी दिनमा समयमा नविकरण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी

गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन् :

४७.१ **भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको ब्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिला गर्न पहिलो त्रैमासिकको भत्ता २०७९।०६।०९ गते, दोस्रो त्रैमासिकको भत्ता २०७९।०९।२५ गते, तेस्रो त्रैमासिकको भत्ता २०७८।१२।२७ गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०७९।०३।२२ गते बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७.२ **हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । सम्झौता कार्यान्वयनमा जिम्मेवार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **शिक्षण सहयोग**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| **सि.नं** | **विद्यालय** | **विद्यार्थि संख्या** | **शिक्षक अनुदान** |
|---|---|---|---|
| १ | भारति आ.वि. | ३३ | १ |
| २ | जनता आ.वि. | २९ | २ |
| ३ | हरेवा नि.मा.वि. | ३२ | १ |

| | | | |
|---|---|---|---|
| ४ | हिमालय आ.वि. | ४३ | २ |
| ५ | जनता वाल निकेतन मा.वि. | २६ | ३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४९ पालिका वजेटबाट शिक्षकको तलब भत्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका र विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षक विद्यार्थि अनुपात वेगर तथा दरवन्दि मिलान वेगर पालिकाले ३८ जना के.जी शिक्षक तथा ३६ जना अन्य शिक्षकको नाममा कूल रु.१८१२४३१४।-तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत दरबन्दीभित्र नपरेका तथा शिक्षक विद्यार्थि अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थि रहेको विद्यालयमा अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १,८१,२४,३१४ |

## ५० दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरु (वालविकास सहित) मा २१३ जना शिक्षक दरवन्दी रहेको र सोहि अनुसारको पदपूर्ति भएको देखियो । पालिका अन्तर्गतका विद्यालयहरुमा कूल ३६९९ जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:१७ र देहायका न्युन विद्यार्थि रहेका विद्यालयमा मात्रै प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:१०.५देखिन्छ । यसरि विद्यार्थिहरुको संख्या नगण्य रहेको अवस्थामा समेत पालिकाले पुनः आन्तरीक वजेटबाट निजि शिक्षकको लागि समेत अनुदान दिने गरेको पाईयो । पालिकाबाट पेश भएको विवरण अनुसार देहायका विद्यालयमा औसत अनुपात भन्दा बढी संख्यामा शिक्षक दरवन्दी देखिन्छ भने विद्यालय निरीक्षणको अवधिमा एक विद्यालयबाट अर्को विद्यालयको दुरी न्यून देखिन्छ । अत; विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी विद्यालयहरुको मर्जर प्रकृयाको थालनि गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र. सं | विद्यालयको नाम | शिक्षक दरवन्दी (राहतसमेत) | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | भीमा आ.वि. चन्द्रकोट-१ | ३ | ४० | १:१३ |
| २ | शारदा मा.वि. चन्द्रकोट-१ अर्जेवा | १० | ५४ | १:५.४ |
| ५ | जनज्योति आ.वि. चन्द्रकोट-२ | ३ | २३ | १:७.७ |

| | | | | |
|---|---|---|---|---|
| ६ | जनता आ.वि. चन्द्रकोट-२ | २ | ६ | १:३.० |
| ७ | इन्द्रचोक आ.वि. चन्द्रकोट-२ | ३ | ५६ | १:१८.७ |
| ८ | कालिका आ.वि. चन्द्रकोट-२ | १ | ७ | १:७.० |
| ९ | हर्राचौर मा.वि. चन्द्रकोट-३ | १० | ९४ | १:९.४ |
| १० | बालबोध नि.मा.वि. चन्द्रकोट-३ | ७ | ५३ | १:७.६ |
| ११ | जनसहयोग आ.वि. चन्द्रकोट-३ | २ | ९ | १:४.५ |
| १२ | सरस्वती आ.वि. चन्द्रकोट-३ | १ | २८ | १:२८.० |
| १३ | खड्गदेव आ.वि. चन्द्रकोट-४ | ३ | १७ | १:५.७ |
| १४ | डाँडावन आ.वि. चन्द्रकोट-४ | ३ | ५१ | १:१७.० |
| १६ | बालज्योति आ.वि. चन्द्रकोट-४ | ३ | ४१ | १:१३.७ |
| १७ | भूमिस्थान आ.वि. चन्द्रकोट-४ | ३ | ३१ | १:१०.३ |
| १८ | सन्तोषी आ.वि. चन्द्रकोट-४ | १ | १० | १:१०.० |
| १९ | भारती नि.मा.वि. चन्द्रकोट-४ | ४ | ६० | १:१५.० |
| २१ | सन्तोषीमाता आ.वि. चन्द्रकोट-५ | २ | १४ | १:७.० |
| २२ | हिमालय नि.मा.वि. चन्द्रकोट-५ | ५ | ८३ | १:१६.६ |
| २३ | नेराचन्द्रोदय आ.वि. चन्द्रकोट-५ | ३ | २६ | १:८.७ |
| २४ | हरेवा नि.मा.वि. चन्द्रकोट-६ | ४ | ६४ | १:१६.० |
| २५ | नर्मदा आ.वि. चन्द्रकोट-६ | ३ | १९ | १:६.३ |
| २६ | झरना आ.वि. चन्द्रकोट-६ | १ | ९ | १:९.० |
| २७ | महेन्द्र आ.वि. चन्द्रकोट-६ | २ | १४ | १:७.० |
| २८ | झापक आ.वि. चन्द्रकोट-६ | २ | १० | १:५.० |
| २९ | चण्डिस्थान आ.वि. चन्द्रकोट-६ | ३ | १७ | १:५.७ |
| ३१ | जनता नि.मा.वि चन्द्रकोट-७ | ४ | ७२ | १:१८.० |
| ३२ | हिराभवन आ.वि. चन्द्रकोट-७ | ३ | ४६ | १:१५.३ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | रामकोट आ.वि. चन्द्रकोट-७ | ३ | ७३ | १:२४.३ |
| ३४ | महेन्द्ररत्न आ.वि. चन्द्रकोट-७ | २ | १६ | १:८.० |
| ३७ | उदय आ.वि. चन्द्रकोट-८ | ३ | २६ | १:८.७ |
| ३८ | सरस्वती आ.वि. चन्द्रकोट-८ | ३ | ३१ | १:१०.३ |
| ३९ | बालकल्याण आ.वि. चन्द्रकोट-८ | ३ | ३६ | १:१२.० |
| ४० | किसिकोट आ.वि. चन्द्रकोट-८ | ३ | १२ | १:४.० |
| ४१ | बालविकास आ.वि. चन्द्रकोट-८ | २ | १४ | १:७.० |
| | | ११० | ११६२ | १:१०.५ |

यसरी न्यून विद्यार्थी रहेका विद्यालयलाई पालीकाले विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जान आवश्यक देखिन्छ।

सैद्धान्तिक बेरुजु

**५१ तलवी भरपाई**

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई, संचयकोष कट्टा दाखिला एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टादाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिका अन्तर्गतका अधिकांश विद्यालयहरुले पूर्ण रुपमा सोको कार्यान्वयन गरेतापनि केहिले पालना गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**५२ शिक्षकको तलब भत्ता निकासा**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

५२.१ पालिकाले २०७९।११।५ मा पारीत गरेको तलवि प्रतिवेदन अनुसार सन्तोषिमाता आधारभुत विद्यालयमा प्रा.शी.(तृ) मा कार्यरत फूलमाया वि.क.को नाममा ४ ग्रेड पास भई आएको पाईयो । तर निजको नाममा चौंथो त्रैमासिकमा पारीत ग्रेड भन्दा १ ग्रेड बढी निकासा रु.३६२०।—दिएको पाईएकोले उक्त रकम असूल हुनुपर्दछ, रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३,६२० |

५२.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० अनुसार प्राविधिक धारका शिक्षकहरुले पाउने मासिक रु.३०००।—ले पाउने प्राविधिक भत्ता बर्षमा १० महिनाको मात्र पाउने उल्लेख छ । तर उदय मा.वि मा कार्यरत प्राविधिक धारका देहायका शिक्षकहरुको नाममा १२ महिनाको नै प्राविधिक भत्ता निकासा दिएको पाईयो । यसरी बढी निकासा प्राविधिक भत्ता रु.३००००।-सम्वन्धितबाट असूल गरी राजश्व दाखिला हुनुपर्दछ, रु.

| **सि.नं** | **शिक्षक** | **भत्ता रु.** |
|---|---|---|
| १ | सन्तोष न्यौपाने | ६०००।- |
| २ | चुडामणी चालिसे | ६०००।- |
| ३ | शुशिल पौडेल | ६०००।- |
| ४ | नरेश पटेल | ६०००।- |
| ५ | अव्दुल खालिद खान | ६०००।- |
| **जम्मा** | | **३००००।-** |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३०,००० |

५३ **शिक्षण सहयोग**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७९ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिनुपर्नेमा प्रथम किस्ता गो.भौ.६३।०७९।१२।२६ बाट रु.६८७५७३।५३ र पुनः थप निकासा गो.भौ.१४१।०८०।३।२० बाट विभिन्न विद्यालयहरुलाई मागका आधारमा रु.१५९३२३६।-निकासा दिएको पाईयो ।तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई IEMIS मा भएको तथ्याङ्क भन्दा बढि, दिनुपर्ने दररेट भन्दा धेरै तथा भरपाई भन्दा बढि रकम निकासा दिएको पाईएकोले बढि निकासा रकम असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु.

| **सि.नं** | **विद्यालयको नाम** | **दिनुपर्ने निकासा** | **निकासा गएको** | **बढि निकासा** |
|---|---|---|---|---|
| १ | उदय मा.वि. | ४४५४५६।- | ४७७४६०।- | ३२००४।- |
| २ | शारदा मा.वि.वडा नं १ | १५३७९१।- | १६०४३५।- | ६६४४।- |
| ३ | सरस्वती मा.वि. | १६४८७८।- | १७४८१४।- | ९९३६।- |

| | | | | |
|---|---|---|---|---|
| ४ | शारदा मा.वि.वडा नं ७ | १३७३०५।- | १४७८१४।- | १०५०९।- |
| ५ | ज्ञानोदय मा.वि. | ३६९५६७।- | ३९०३७८।- | २०८११।- |
| ६ | जनता वाल निकेतन मा.वि. | १०६९६६।- | ११३०५०।- | ६०८४।- |
| ७ | ग्वाघा मा.वि. | ११४१२५।- | १२१३३१।- | ७२०६।- |
| **जम्मा** | | | | **९३१९४।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,१९४ |

५४ **क्याम्पस अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा कार्यहरु गर्नसक्ने उल्लेख छ । पालिकाले देहायका क्याम्पसको नाममा रु.८५००००।-भुक्तानी दिएको पाईएकोले यस्तो खर्च रकम नियमसंगत नदेखिएको रु.

| **सि.नं** | **गो.भौ.** | **क्याम्पस** | **रकम रु.** |
|---|---|---|---|
| १ | **४१।०८०।३।१९** | **मानका टीकाराम ब.क्याम्पस वड नं ८** | **५०००००।-** |
| २ | **५२।०८०।३।२२** | **चन्द्रकोट क्याम्पस** | **३५००००।-** |
| **जम्मा** | | | **८५००००।-** |

| | |
|---|---|
| अनियमित भएको | ८,५०,००० |

५५ **स्थानिय भत्ता भुक्तानी**

सामान्यप्रशासन मन्त्रालयको मिति२०७४/१/२५ को परिपत्र अनुसार स्वीकृत दरबन्दी करारमा रहेका व्यक्तिलाई मात्र चाडपर्व खर्च,महङ्गि भत्ता, स्थानिय भत्ता र पोशाकसुविधाउपलब्धगराउनेउल्लेखछ।पालिकामा दरवन्दि भन्दा वाहिर तथा कार्यक्रम करारमा कार्यरत देहायका कर्मचारीहरुलाई विभिन्न गोश्वारा भौचर र मितिबाटकार्यक्रमले तोकेको भन्दा बाहिर निम्नानुसारको स्थानिय भत्ता शशर्त चालु वजेटबाट भुक्तानी दिएको छ । यसरी तोकेको भन्दा बढी सुविधा भुक्तानी रकम रु. सम्बन्धितबाट असूल हुनुपर्दछ, रु

| **सि.नं** | **कर्मचारी** | **रकम रु.** |
|---|---|---|
| १ | एमआईएस अपरेटर पवन पोखरेल | ३८५२०।- |
| २ | फिल्ड सहायक याम बहादुर के.सी. | ३३१२०।- |
| **जम्मा** | | **७१६४०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,६४० |

## ५६ प्रधानमन्त्री रोजगार कार्यक्रम

५६.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमानहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका ३६ वटा कार्यक्रम सञ्चालन गरी ४८ जनालाई र औषतमा १०० दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.2759600।- खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगरदेहायका वडाहरुमा उल्लेखित योजनाहरु सम्पन्न गरेको जनाएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ ।

| **क.स.** | **वडा नं.** | **योजनाको नाम** | **योजना संख्या** | **रोजगारीमा संलग्न संख्या** |
|---|---|---|---|---|
| १ | वडा नं. १ | वाल निर्माण, बाटो मर्मत तथा सरसफाई | ५ | ६ |
| २ | वडा नं. २ | पदमार्ग निर्माण, बाटो मर्मत तथा नाली व्यवस्थापन | ५ | ६ |
| ३ | वडा नं. ३ | चौपारी निर्माण, बाटो मर्मत तथा नाली व्यवस्थापन | ४ | ६ |
| ४ | वडा नं. ४ | पदमार्ग निर्माण, बाटो मर्मत तथा सरसफाई | ३ | ६ |
| ५ | वडा नं. ५ | शौचालय निर्माण, बाटो मर्मत तथा नाली व्यवस्थापन | २ | ६ |
| ६ | वडा नं. ६ | नाली निर्माण, बाटो मर्मत तथा पार्क सरसफाई | ४ | ६ |
| ७ | वडा नं. ७ | मलामी विश्रामस्थल निर्माण तथा नाली व्यवस्थापन | ८ | ६ |

| | | | | |
|---|---|---|---|---|
| ८ | वडा नं. ८ | विद्यालय मर्मत, बाटो मर्मत तथा खा.पा मुहान सरसफाई | ५ | ६ |
| **जम्मा** | | | **३६** | ४८ |

सैद्धान्तिक बेरुजु

५६.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले तत्सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **वन पैदावार आय असूल नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५८ **अनुगमन भत्ता**

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था

गरेको छ । पालिकाले निम्नानुसारको भौचर नं. र मितिमा अनुगमन भत्ता वापत खर्च लेखेको रकम रु.७,०४,०००।— ऐनको उक्त प्रावधान विपरित भएकोले अनियमित देखिएको रु.

| **गो.भौ.नं.।मिति** | **व्यहोरा** | **रकम** |
| --- | --- | --- |
| ३१४।२०७९।१२।१४ | योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता भुक्तानी | ३७४००० |
| ७१४।२०८०।०३।२२ | योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता भुक्तानी | ३३०००० |
| **जम्मा** | | **७०४०००** |

| अनियमित भएको | ७,०४,००० |
| --- | --- |

## ५९ प्रमाण पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको मितिमा खरिद गरिएका सामाग्रीहरूको वितरण गरेको भरपाई नरहेकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५०,५६७ |
| --- | --- |

**(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६० हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| सैद्धान्तिक बेरुजु |
| --- |

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६१ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१)

मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले देहाय बमोजिमको मितिमा रु. ३५,६५,५८९।-मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ ।

| गो.भौ.नं. | मिति | सप्लायर्स | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १२ | ०३/०७/२०७९ | नेपाल इको कन्सर्न | इलेक्ट्रोनिक्स सामान खरिद | २५६०००.०० |
| १३ | ०३/०७/२०७९ | न्यू युनिक इन्टरप्राइजेज | इलेक्ट्रोनिक्स सामान खरिद | १९०१०४.०० |
| १४ | २१/०७/२०७९ | अक्सफोर्ड कम्प्युटर ट्रेड लिंक | कम्प्युटर सामान खरिद | ४२२१५४.०० |
| २७६ | ०८/०२/२०८० | सरल यन्त्र प्रा.लि. बुटवल | पाइप खरिद | ९८९७३८.०० |
| १२५ | २५/०८/२०७९ | द ड्रिम ट्रेड एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ३७०६९६.०० |
| १७६ | २१/०९/२०७९ | युनिभर्सल छपाई उद्योग | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ६६१०५.०० |
| १८४ | २६/०९/२०७९ | ओम साइ फर्निचर | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ४५७०८.०० |
| १८६ | २६/०९/२०७९ | चन्द्रकोट सन्ध्या अफसेट प्रेस | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ५५८६०.०० |
| १८७ | २६/०९/२०७९ | शान्तिपुर प्रिन्टिङ्ग तथा विविध सेवा | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ५००४७.०० |
| २०२ | ०३/१०/२०७९ | द ड्रिम ट्रेड एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ६०६१४.०० |
| २३५ | २५/१०/२०७९ | भण्डारी होम सेन्टर | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ५३३८०.०० |
| २४२ | ०२/११/२०७९ | गण्डकी प्रेस | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ७८४२२.०० |
| ३५६ | २८/१२/२०७९ | द ड्रिम ट्रेड एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ८२६२३.०० |

| | | | | |
|---|---|---|---|---|
| ४२१ | २७/०१/२०८० | शिर्डि साई ट्रेड लिंक | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १११७५२.०० |
| ४३१ | ३१/०१/२०८० | गण्डकी प्रेस | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ६८१६१.०० |
| ४४५ | ०३/०२/२०८० | शिशिर ईन्टरप्राइजेज एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ५७८७८५.०० |
| ४८४ | २२/०२/२०८० | जय भैरब ब्याग हाउस | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ४२९४०.०० |
| ४८६ | २२/०२/२०८० | कान्तिपुर प्रिन्टीङ्ग हाउस | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ४२५००.०० |
| **जम्मा** | | | | **३५६५५८९.००** |

तसर्थ नियमावलीको उपरोक्त प्रावधान बमोजिम मालसामान वा अन्य सेवा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नुको सट्टा सिलबन्दी दरभाउपत्र वा बोलपत्र आव्हान गरी खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६२ स्मार्ट कृषि कार्यक्रम

स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार लुम्बिनी प्रदेश अन्तर्गत मौलिक पहिचान भएका कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन आधुनिक र समयसापेक्ष तरीकाबाट गर्न प्रदेश सरकारले निजी, कृषक समूह तथा सहकारी, स्थानीय तह, शैक्षिक तथा अनुसन्धान संस्था लगायतको सहकार्यमा कार्यक्रम सञ्चालन गर्न प्रत्येक निर्वाचन क्षेत्रको कम्तिमा एक स्थानमा दिगो कार्यक्रम सञ्चालन गरी रोजगारी सृजना गर्दै कृषकको आयस्तर वृद्धिका साथै खाद्य सुरक्षामा सुधार गर्न स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । पालिकालेमा कृषि ज्ञान केन्द्रबाट स्मार्ट कृषिको लागि अनुदान प्राप्त गरेको कृषकको योगदानको अंश मध्ये तेस्रो बर्ष (२०७९।०८०) मा देहाय अनुसारको योगदान व्यहोर्ने गरी चक्रेश्वर स्मार्ट कृषि गाउँ बाख्रा तथा तरकारी पकेट, चन्द्रकोट -३, ४ र ६ सँग २०७९ चैत्र मसान्तमा कार्यसम्पन्न गर्नेगरी २०७९।१०।६ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी देखिएको विवरण निम्नानुसार छन् ।

| सि.नं | कार्यक्रम | वजेट | कृषक योगदान | पालिका योगदान |
|---|---|---|---|---|
| १ | मिनिटिलर खरीद | ४००००० | ६०००० | ३४०००० |
| २ | प्लाष्टिक खरीद | ५२७००० | ७५००० | ४५२००० |
| ३ | ईन्सेक नेट खरीद | ४५०००० | ६७५०० | ३८२५०० |
| ४ | सामाग्री ढुवानी | ३०००० | ४००० | २६००० |

६२.१ पालिका र कृषक विच २०७९।१०।६ मा भएको सम्झौताको बुँदा नं ४ कृषकले समयमा कार्यसम्पन्न गर्नुपर्ने र बुँदा नं १० मा समयमा कार्यसम्पन्न नगरेको अवस्थाम भुक्तानी दिन पालिका बाध्य नहुने कुरा उल्लेख छ । कृषकले २०७९ चैत्र मसान्तमा कार्यसम्पन्न गर्नुपर्नेमा २०८०।२।१६ मा मात्र कार्यसम्पन्न गरी भुक्तानि माग गरेकोमा पालिकाले गो.भौ.३५१।०८०३।११(पालिका चालु) बाट रु. ११८८८४८।—भुक्तानी दिएको पाईयो । यसरी समयमा कार्यसम्पन्न नगरेको अवस्थामा समेत सम्झौताको बुँदा नं १० विपरीत भुक्तानी दिएको रकम नियमसम्मत देखिएन, रु.

| | |
|---|---|
| अनियमित भएको | ११,८८,८४८ |

६२.२ पालिका र कृषक विच २०७९।१०।६ मा भएको सम्झौता वमोजिम रु.५२७०००।—को हुने प्लाष्टिक टनेल १०० वटा खरीद गर्नुपर्ने देखिन्छ । तर कृषकले स्काई साईन्टिफिक ट्रेडर्स, बुटवलबाट ९० वटा मात्रै खरीद गरेकोमा सोको शतप्रतिशत रकम नै दावि गरी भुक्तानी लिएको छ । यसरी खरीद नै नगरेको संख्याको हुन आउने रकम रु.५२७००।—को पालिका योगदान हुने रकम रु.४४७९५।-(८५%) बढी भुक्तानी गरेको पाईयो । यसरी बढी भुक्तानी रकम सम्वन्धीतबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,७९५ |

६२.३ कृषकले सम्झौता अनुसारको मिनि टिलर (7HP) खरीद गरेकोजनाई विल पेश गरेको आधारमा प्रति पिस रु.६४४८०।—का दरले ६ पिसको हुने रु.३८६८८०।—को विल पेश गरी पालिकाको योगदान बराबरको रकम भुक्तानी लिएको छ । तर कृषकले सो समुहका सदस्य मध्ये कुन कुनलाई यस बर्षको कार्यक्रमबाट वितरण गर्ने हो सो निर्णय गरेको छैन तथा वितरण गरेको भरपाई समेत पेश गरेको छैन । सो सामानको वितरण गरी भरपाई समेत पेश हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६३ संकलन गर्न सकिने परिमाण र निकासा परिमाण

ढुङ्गा, गिट्टी, बालुवा उत्खन न्विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्डको प्रकरण ७(६) मा उत्खन न तथा संकलनको परिमाण नियन्त्रण सम्बन्धी व्यवस्था गरिएको छ। जस अनुसार उत्खनन्, संकलन र ढुवानीकर्ताले उत्खनन्, संकलन र ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४(क) बमोजिम र दैनिक पटके विक्री वा ढुवानी अभिलेख अनुसूची ४ (ख) बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट आर्थिक वर्ष २०७९/०८० मा उपभोक्ता समिति मार्फत लगाएका निम्न आय ठेक्का सम्बन्धमा भएको उपरोक्त अनुसूची बमोजिमको विवरण राख्ने गरेको पाइएन । उपभोक्ता समितिले जम्मागरेकोथुप्रो (Aggregate) को आधारमा र खनेको खाडलको आधारमा परिमाणको सही मापन हुन सक्ने देखिएन। उपभोक्ता समिति तथा व्यवसायीबाट उपरोक्त अनुसूचीहरू उत्खनन्न विक्री गर्दाको अवस्थामा अद्यावधिक गरी राख्ने व्यवस्थाको परिपालना हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६४ संकलन गर्न सकिने परिमाण र निकासापरिमाण

६४.१ स्थानीय सरकार संचालनऐन, २०७४ को दफा ६४ (च) माढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख र दहत्तरवहत्तरमा प्राकृतिक श्रोतकरको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले संकलन गर्न व्यवस्था विद्यमान थियो तरं नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वय नगर्न बनेको ऐन, २०७५ को ३४(३) ले उक्त

दफा ६४ लाई खारेज गरेको छ।केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ दफा ६२ (क) ले प्राकृतिक वस्तुको विक्री वितरण गाउँपालिका तथा नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम नगरपालिका तथा नगरपालिकाको संचितकोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी कानूनी व्यवस्था अनुसार गाउँपालिकाले आय ठेक्काको लागि प्रथम पटक २०७९।७।६ मा दोस्रो पटक २०७९।८।३ र तेस्रो पटक २०७९।८।२८ मा सूचना आव्हान गरेकोमा कुनै पनि प्रस्ताव पर्न नआएको जनाई देहाय अनुसारको उपभोक्ता समिति मार्फत सम्झौता गरी कारय गरेको छ । पालिकाले समयमा नै ठेक्का वन्दोवस्ति गरी आय वृद्धिमा जोड दिनुपर्ने र ठेकामा नगएको घाटहरुको अनुगमनलाई तिव्रता दिनुपर्ने देखिन्छ ।

| सि.न. | घाटको नाम | उपभोक्ता समिति | सम्झौता मिति | रकम |
|---|---|---|---|---|
| १ | वडिगाड खोला | गैरी पोखरा टोल विकास समिति | २०७९।१२।६ | प्रति टिप रु.१५००।- |
| २ | खहरेखोला | खहरेखोला संरक्षण समिति | २०७९।१०।१७ | ६८६०००।- |

| सैद्धान्तिक बेरुजु |
|---|

६४.२ उल्लेखित उपभोक्ता समितिहरुसँग सम्झौता भएकोमा गैरी पोखरा टोल विकास समितिले रु.८१०००।-आम्दानी गरेकोमा ८० प्रतिशतले हुने रकम रु.६४४००।—पालिकामा बुझाएको छ । सो टोल विकास समितिलेरसिद नं२८ बाट आम्दानी गरेको रु.१५००।— दाखिला गरेको नपाईएकोले सो रकम दाखिला हुनुपर्दछ, रु.

| असुल गर्नुपर्ने | १,५०० |
|---|---|

६५ **रितपूर्वकको कर बीजक**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ ।भौचरनं. ४७५ र मिति २०८०।०२।१९ मा Seven Colors Multipurpose Consultancy Pvt. Ltd.बाट जारी गरेको बिजकको भुक्तानी भएकोमा सो विजक नं हातले केरमेट गरी सच्चाएको पाईयो । तसर्थ मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपूर्वकको कर बीजक जारी गर्ने र कार्यालयले भुक्तानी दिँदा सो को चेकजाँच गरी भुक्तानी दिनुपर्ने देखिन्छ । कार्यालयबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर रकम रु.१,१४,८६४।-सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ, रु.

| प्रमाण पेश नगरेको | १,१४,८६४ |
|---|---|

६६ **अध्ययन अवलोकन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले जनप्रतिनिधि र कर्मचारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत निम्नानुसारको मितिमा अवलोकन भ्रमण खर्च वापत रु.६,३७,०२९।- भुक्तानी गरेको छ । सो रकम पालिकाको आन्तरिक आयको ५.४२ प्रतिशत हुने भएकोले कार्यक्रम मितव्ययी देखिएन । यसरी ४० जना पदाधिकारी र कर्मचारीको ५ दिनको अवलोकन भ्रमण कार्यक्रमले कार्यालयमा सो अनुपातका कर्मचारीहरूको

अनुपस्थितिमा कार्यालयको दैनिक काम कारवाहीमा बाधा नपुगेको भन्ने कुराको सुनिश्चित गर्न सकिएन । तसर्थ पालिकाले रोजगारी सिर्जना हुने उत्पादनशील क्षेत्रको खर्चलाई थप प्रभावकारी बनाई आन्तरिक श्रोत र क्षमताका आधारमा चालु खर्चमा मितव्ययीता कायमा गर्नुपर्दछ ।

| गो.भौ.नं.।मिति | श्रोत | व्यहोरा | रकम |
|---|---|---|---|
| १९०।२०७९।०९।२९ | राजस्व बाँडफाँड | आन्तरिक पर्यटन प्रवद्धनका लागि कर्मचारी तथा जनप्रतिनिधि भर्मण | ३,५६,७४७ |
| २१७।२०७९।१०।०९ | राजस्व बाँडफाँड | आन्तरिक पर्यटन प्रवद्धनका लागि कर्मचारी तथा जनप्रतिनिधि भ्रमण | २,८०,२८२ |
| जम्मा | | | ६,३७,०२९ |

सैद्धान्तिक बेरुजु

६७ **अबण्डा खर्च**

स्थानीयसरकार संचालन ऐन, २०७४ मा पालिकाले बजेट नीति तथा कार्यक्रम बनाउँदा योजना किटान गरी बजेट तथा कार्यक्रम बनाउँदा योजना किटान गरी बजेट तथा कार्यक्रम बनाउनु पर्ने व्यवस्था छ । पालिकाले बजेट तथा कार्यक्रम बनाउँदा सुरुमा कृषि विकास तर्फ रु.२० लाख र पशुसेवातर्फ रु.२० लाख बजेट बिनियोजन गरी बजेट पास गरेकोमा कार्यापालिकाको मिति २०७९।११।०५ को निर्णयले कृषि विकास तर्फ रु.५ लाखको दरले वडा नं ३, ६ र ७ मा १५ लाख र पशुसेवा तर्फ ५ लाखका दरले वडा नं १, २, ४, ५ र ८ मा रु.२५ लाख समेत गरी रु.४० लाख कार्यक्रम संसोधन गरी खर्च लेखेको छ । सुरु बजेट बनाउँदा योजना र कार्यक्रम नतोकी एकमुष्ठ बजेट बिनियोजन गरी आ.ब को विचमा कार्यक्रम बनाई खर्च लेख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै योजना किटा गरी खर्च गर्नुपर्दछ ।.

सैद्धान्तिक बेरुजु

६८ **कार्य सम्पन्न प्रतिबेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ताबाट संचालन भएको कामको भुक्तानी दिनुअघि कार्यसम्पन्न प्रतिबेदन पेश गरे पश्चात मात्र अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले गो.भो.नं ६३३।२०८०।०३।११ बाट एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत विभीन्न निर्माण कार्य गरेकोमा सो को मूल्याङकन र कार्य सम्पन्न, प्राविधिक प्रतिबेदन बेगर दिब्रुङ व्यवसायिक पशुपन्छी पालन समूहलाई भुक्तानी भएक रु.४९८६७१/- भुक्तानी खर्च लेखेको छ । अतः सो को कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **एडभान्स पेमेन्ट ग्यारेन्टिको म्यादः**

गा.पा. पुँजीगत गौ.भौ.न. ४१ मिति २०७९/०९/२७ गते त्रिवेणी खोला ग्वाँधा हरेवा चिसापानी शान्तिपुर रोहोटेखोला सडक स्तरोन्ती योजनालाई मिति २०७९/०९/२७ देखी २०८०/०३/२४ सम्मको म्याद रहेको रकम ९३१०००० एडभान्स पेमेन्ट ग्यारेन्टि बाट पेश्की रकम भुक्तानी गरेकोमा गौ.भौ.न. २३४ मिति २०८०/०१/१५ गतेको प्रथम

रङिग बिलमा पेश्की २१०००० मात्र कट्टा गरेको हुदाँ बाँकी ७२१००० षेश्की एडभान्स पेमेन्ट ग्यारेन्टि रकमको म्याद समाप्त भएकोले उक्त मिति देखि म्याद थप भएको एडभान्स पेमेन्ट ग्यारेन्टि पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२१,००० |

७० **पारिश्रमिक आयकर**

आयकर ऐन २०५८ को दफा ८७ उपदफा १ अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो २ लाखमा १० प्रतिशत र दोस्रो ३ लाखमा २० प्रतिशत पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम शाखामा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम करकट्टि गर्नुपर्नेमा पारिश्रमिक कर कट्टा नगरेकोले पारिश्रमिक कर असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,९६७ |

७१ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमका कार्यक्रममा निकाय व्यक्ति तथा संस्थालाई रु.१९०६४४७३।- पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** | | |
|---|---|---|---|---|---|---|
| | | | | **म्याद बाँकी** | **म्याद नाघेको** | **जम्मा** |
| १. | २०७९/०४/०१ | प्रशासकीय भवन निर्माण | स्वच्छन्द सुशन लर्डबुद्ध जे.भी | ९२२९२९४ | | ९२२९२९४ |
| २. | २०७९/१२/०३ | वडा कार्यालय भवन निर्माण | द्रिबुङ्ग देउराली निर्माण सेवा | ८२५६४४ | - | ८२५६४४ |
| ३. | २०८०/०२/१६ | १५ शैया हस्पिटल निर्माण | तुलशीभक्त अर्जुन विल्डर्स जे.भी. | १९०६४४७३ | - | १९०६४४७३ |
| **जम्मा** | | | | **१९०६४४७३** | - | **१९०६४४७३** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७२ **विपद व्यवस्थापन कोष**

चन्द्रकोट गाँउपालिकाको प्रकोप व्यवस्थापन कोष कार्य विधि, २०७९(संसोधन) मा पशु र मानिसको घरमा प्रकोपजन्य क्षति भएमा सम्बन्धित वडा कार्यालय र प्रहरी मुचुल्का समेतको आधारमा राहन उपलब्ध गराउने व्यवस्था रहेको छ ।

पालिकाले विभिन्न वडाहरुमा सिचाँइ, खानेपानी, बाढीपहिरो रोकथाम लगायतका योजनाहरुमा क्षति पुर्याएको भनि राहत उपलब्ध गराइएको पाइयो । पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोषमा रु. १०,१६,५४१।-खर्च लेखेको छ । कार्यविधि तोकेको क्षेत्रमा मात्र प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्नुपर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: चन्द्रकोट गाउँपालिका, गुल्मी , चन्द्रकोट गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | bishnu prasad bhusal | २०७९-५-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | इन्द्र बहादुर क्षेत्री | २०७८-७-२८ | २०७९-५-१४ |
| लेखा प्रमुख | बशन्त रिजाल | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४०९,५३० | २९,१३६,२६७ | ५,३८२,९६२ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३४,९२८,७५९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३४,९२८,७५९ |

स्थानीय तह :

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | ४०८२६२१८ |
| **आम्दानी** | **खर्च** |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ३५३९९८५०० | **चालु खर्च** | ३१८५०९२२४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३२२४८३०६ | **पूँजीगत खर्च** | १४६०५६८४८ |
| **राजश्व बाँडफाँट** | ७३४५९२५७ | **वित्तीय/अन्य व्यवस्था** | १७८५७१६७४ |
| **आन्तरिक आय** | १२७५९६०२ | | |
| **अन्य आय** | १४९९८७८३८ | | |
| **कुल आय** | ६२२४५३५०३ | **कुल खर्च** | ६४३१३७७४६ |
| **बाँकी मौज्दात** | | २०१४१९७५ | |

**बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण-अनुसूची-३**

| **एकिकृत आ.वि.** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.न.** | **आयतर्फ** | | | **सि.न.** | **व्ययतर्फ** | | |
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्वेवारी** | | ४०८२६२१८.४७ | १ | **जम्मा खर्च** | | ४६४५६६०७२ |
| | क)नगद | | | | क)चालु खर्च | ३१८५०९२२४.५ | |
| | ख)बैक मोज्याद | ३४११३२३५.३४ | | | ख)पूँजीगत खर्च | १४६०५६८४७.७२ | |
| | ग)धरौटी मौज्याद | ३५८०७०५.५८ | | २ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| | घ)प्रकोप कोष मौज्याद | २९२०४८४.५५ | | | क)ऋण भुक्तानी | | |
| | ङ)विविध कोष मौज्याद | २०००००. | | | ख)शेयर भुक्तानी | | |
| | च) विविध खर्च खाता | ११७९३. | | | ग)अन्य भुक्तानी | | |
| २ | **राजस्व** | | ८६२१८८५९ | ३ | **लगानी** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क)आन्तरिक राजस्व(गा.पा.) | ११७४९७१२.७८ | | | क)ऋण लगानी | | |
| | ख)राजस्व बाँडफाँडसंघ | ६६४९७२९२ | | | ख)शेयर लगानी | | |
| | ग)राजस्व बाँडफाँडप्रदेश | ६९६१९६५ | | | ग)अन्य लगानी | | |
| | घ)राजश्व बाँडफाँड स्थानीय सरकार | १००९८८९ | | ४ | **विभिन्न निकायबाट खर्च** | | **१४०६८८६९७.००** |
| ३ | **वितीय हस्तान्तरण** | | **३५३९९८५००** | | क) सामाजिक सुरक्षा | ११३९६१५४० | |
| | क)वितीय समानीकरणअनुदान | ९८३२७५०० | | | ख) स्थानीय पूर्वाधार विकास कार्यक्रम | ०. | |
| | ख)सशर्त अनुदान | २४५६७१०००० | | | ग)गरिवसँग विश्वेश्वर | ६२६००० | |
| | ग)समपुरक अनुदान | ४०००००० | | | घ) स्थानीय तह प्रशासकीय भवन निर्माण | ११७४६३६१ | |
| | घ) विशेष अनुदान | ६०००००० | | | ङ) एकृकृत स्वास्थ्य पुर्वधार निर्माण | १४३५४७९६ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **३२२४८३०६** | | च)स्वच्छ वातावरण कार्यक्रम | ० | |
| | क)वितीय समानीकरणअनुदान | ५६७०००० | | ५ | **फिर्ता तर्फ:** | | **३१२२२८८८.८२** |
| | ख)सशर्त अनुदान | ८०००००० | | | फिर्ता संघीय सरकार(शसर्त) | २२७२५५७७.६८ | |
| | ग)समपूरक अनुदान | ११५७८३०६ | | | फिर्ता संघीय सरकार(शसर्तपुजीगत) | ४८४३२९८ | |
| | घ)विशेष अनुदान | ७०००००० | | | अनुदान फिर्ता संघ(बिशेष) | २०४४९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | अनुदान फिर्ता संघ(समपुरक) | १३७०५२३ | |
| ६ | **अन्य** | | **२८१५१७९** | | अनुदान फिर्ता प्रदेश(शसर्त) | ८०११०४ | |
| | क)क्षेत्रीय शहरीविकास योजना | ३८०९४२ | | | अनुदान फिर्ता प्रदेश(विशेष) | ५८९८१४ | |
| | ख)सडक वोर्ड नेपाल | २४३४२३७ | | | अनुदान फिर्ता प्रदेश(समपुरक) | १७९८४९.१४ | |
| | घ) प्रदेश स्वास्थ्य निर्देशनालय | ० | | | विभाज्यकोष रकम फिर्ता | ६९२२७४ | |
| | ङ) युनिसेफ | ० | | | सामाजिकसुरक्षा फिर्ता | ० | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | **२२०००** | **६** | **विभिन्न कोषतर्फको खर्च** | | **३८३३११६.२७** |
| | क) प्रकोप व्यवस्थापन कोष | २२००० | | | क) प्रकोप व्यवस्थापन कोष | १०१६५४१ | |
| | ख) लैङ्गिक हिंसा निबारण कोष | ० | | | ख) धरौटी खर्च | २८१६५७५.२७ | |
| ८ | **विभिन्न निकायबाट प्राप्त** | | **१४०६८८६९७** | **७** | **अन्य खर्च** | | **२८२६९७२** |
| | क) सामाजिक सुरक्षा | ११३९६१५४० | | | क) सडक बोर्ड नेपाल | २४३४२३७ | |
| | ख) स्थानीय पूर्वाधार विकास कार्यक्रम | ०. | | | ख) प्रदेश स्वास्थ्य निर्देशनालय | ० | |
| | ग)गरिवसँग विश्वेश्वर | ६२६००० | | | ग) युनिसेफ | ० | |
| | घ) स्थानीय तह प्रशासकीय भवन निर्माण | ११७४६३६१ | | | घ) क्षेत्रीय शहरी विकास योजना | ३९२७३५ | |
| | ङ) एकृकृत स्वास्थ्य पुर्वधार निर्माण | १४३५४७९६ | | **८** | **मौज्यात** | | **२०१४१९७४.८१** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | च)स्वच्छ वातावरण कार्यक्रम | ० | | | क)नगद मौज्याद | | |
| ९ | **<u>धरौटी आय</u>** | ६४६१९६१.६७ | **६४६१९६१.६७** | | ख)बैंकमौज्याद | **१०७८९९३९.२८** | |
| | | | | | ग)धरौटीमौज्यात | ७२२६०९१.९८ | |
| | | | | | घ)प्रकोप कोष तर्फको मौज्याद | १९२५९४३.५५ | |
| | | | | | च)विविध कोषको मौज्याद | २००००० | |
| | **जम्माआय** | **६६३२७९७२१.२** | **६६३२७९७२१.१६** | | **जम्मा व्यय** | **६६३२७९७२१.२** | **६६३२७९७२१** |

प्राप्ती भुक्तानी हिसाव – सुत्रको वित्तीय विवरण

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५४,५८,२९,७२२.०० | ४५,२६,७२,७३२.४० | | ४५,२६,७२,७३२.४० | ४३,३२,३४,९९३.९६ | | ४३,३२,३४,९९३.९६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५३,८७,७५,०००.०० | ४४,१२,४५,०३३.५४ | ० | ४४,१२,४५,०३३.५४ | ४२,८७,५९,३५०.९६ | ० | ४२,८७,५९,३५०.९६ |
| ११००० कर | ११ | ९,५१,२८,०००.०० | ७,५३,१०,०६७.२८ | ० | ७,५३,१०,०६७.२८ | ७,९३,२३,७५६.२५ | ० | ७,९३,२३,७५६.२५ |
| १३००० अनुदान | | ४०,०१,३६,०००.०० | ३५,५७,१६,१९१.१८ | ० | ३५,५७,१६,१९१.१८ | ३४,१४,४८,५४९.९४ | ० | ३४,१४,४८,५४९.९४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | १२ | ३६,४५,३६,०००.०० | ३२,५०,३८,६५२.३२ | ० | ३२,५०,३८,६५२.३२ | ३१,३०,०१,९८४.०२ | ० | ३१,३०,०१,९८४.०२ |
| प्रदेश सरकार | १२ | ३,५६,००,०००.०० | ३,०६,७७,५३८.८६ | ० | ३,०६,७७,५३८.८६ | २,८४,४६,५६५.९२ | ० | २,८४,४६,५६५.९२ |
| १४००० अन्य राजस्व | | ९४,००,०००.०० | १,०२,१८,७७५.०८ | ० | १,०२,१८,७७५.०८ | ७९,८७,०४४.७७ | ० | ७९,८७,०४४.७७ |
| ३२००० वित्तीय सम्पत्ति | | ३,४१,११,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ७०,५४,७२२.०० | १,१४,२७,६९८.८६ | | १,१४,२७,६९८.८६ | ४४,७५,६४३.०० | | ४४,७५,६४३.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ७०,५४,७२२.०० | ५३,५४,७२१.०० | ० | ५३,५४,७२१.०० | २७,९९,७९३.०० | ० | २७,९९,७९३.०० |
| धरौटी | | ० | ६०,७२,९७७.८६ | ० | ६०,७२,९७७.८६ | १६,७५,८५०.०० | ० | १६,७५,८५०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५४,५८,२९,७२२.०० | ४७,०४,२२,४४१.७२ | | ४७,०४,२२,४४१.७२ | ४२,२३,६५,२९३.६० | | ४२,२३,६५,२९३.६० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५३,८७,७५,०००.०० | ४६,४५,६६,०७२.२६ | | ४६,४५,६६,०७२.२६ | ४१,८३,५७,२८८.७९ | | ४१,८३,५७,२८८.७९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,१९,४०,०००.०० | १७,९२,०७,०९८.९१ | ० | १७,९२,०७,०९८.९१ | १८,१५,८७,४१४.३१ | ० | १८,१५,८७,४१४.३१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,६६,५२,०००.०० | ९,७५,५२,१२४.६३ | ० | ९,७५,५२,१२४.६३ | ५,६७,४८,४०३.७७ | ० | ५,६७,४८,४०३.७७ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ३,६६,०२,०००.०० | ३,५५,७२,७०१.०० | ० | ३,५५,७२,७०१.०० | ३,९१,८७,७४४.८७ | ० | ३,९१,८७,७४४.८७ |
| २७००० सामाजिक सुरक्षा | १८ | ४२,२५,०००.०० | ३८,४४,२००.०० | ० | ३८,४४,२००.०० | ५८,४६,१०१.०० | ० | ५८,४६,१०१.०० |
| २८००० अन्य खर्च | १८ | २६,५०,०००.०० | २३,३३,१००.०० | ० | २३,३३,१००.०० | २३,१०,५५५.०० | ० | २३,१०,५५५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,६७,०६,०००.०० | १४,६०,५६,८४७.७२ | ० | १४,६०,५६,८४७.७२ | १३,२६,७७,०६९.८४ | ० | १३,२६,७७,०६९.८४ |
| घ. अन्य भूक्तानी | | ७०,५४,७२२.०० | ५८,५६,३६९.४६ | | ५८,५६,३६९.४६ | ४२,२३,६५,२९३.६० | | ४२,२३,६५,२९३.६० |
| कोषहरु | | ७०,५४,७२२.०० | ३४,२८,७७८.०० | ० | ३४,२८,७७८.०० | २६,७४,४००.०० | ० | २६,७४,४००.०० |
| धरौटी | | ० | २४,२७,५९१.४६ | ० | २४,२७,५९१.४६ | १३,३३,६०४.८१ | ० | १३,३३,६०४.८१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,७७,४९,७०९.३२) | | (१,७७,४९,७०९.३२) | १,०८,६९,७००.३६ | | १,०८,६९,७००.३६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,७८,९१,६८३.५८ | | ३,७८,९१,६८३.५८ | २,९९,५६,५१७.९४ | | २,९९,५६,५१७.९४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २,०१,४१,९७४.२६ | | २,०१,४१,९७४.२६ | ४,०८,२६,२१८.३० | | ४,०८,२६,२१८.३० |

**बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| **गो भौ नं./मिति** | **उपभोक्ता समिति र काम** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** | **पालिकाबाट भुक्तानी** | **उपभोक्ताले व्यहोर्ने %** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|---|---|
| २७। ०८०।३।१९ | कालिकानगर कभर्ड हल मर्मत उ=स=, मर्मत कार्य | ३२००९० | ३००४८५ | २९१००० | ३००४८ - १0% _ | २०५६३ |
| १९३। ०७९।१२।२६ | बढीघाट खोला तटबन्ध योजना उ=स= तटबन्ध निर्माण | ४७८८५७ | ४७९२२८ | ४३६५०० | ४७९२३ | ५१९५ |
| | **जम्मा** | | | | | २५७५८।- |

**बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| विद्यालयको नाम | भुक्तानी रकम | कैपियत |
|---|---|---|
| ज्ञानोदय नमुना मा.वि. चन्द्रकोट | ५००००० | ०८०।३।११ को अनुगमन प्रतिवेदनमा ९०प्रतिशत काम पुरा भएको उल्लेख । |

| | | |
|---|---|---|
| शारदा मा.वि.रुपाकोट | २३६१५४३ | ०८०।३।२० को अनुगमन प्रतिवेदनमा ९०प्रतिशत काम पुरा भएको,प्लाष्टरको काम,रंगरोगनको काम बाँकी रहेको संयोजकको सहि नभएको उल्लेख । |
| सरस्वती मा.वि.विशुखर्क | २९२९७३८ | ०८०।३।१० को अनुगमन प्रतिवेदनमा ८०प्रतिशत काम पुरा भएको,प्लाष्टरको काम,रंगरोगनको काम,झ्यालढोकाको काम,रेलिगंको लगायतको काम बाँकी रहेको उल्लेख । |
| ग्वाघा मा.वि. | ९८५१०५ | निर्माणको क्रममा अनुगमन गरेको तर निर्माण सम्पन्न पश्चात नगरेको |
| सरस्वती मा.वि. विशुखर्क | ८५७६२१ | ०८०।३।१० को अनुगमन प्रतिवेदनमा ८०प्रतिशत काम पुरा भएको,ढलानको काम,प्लाष्टरको काम,रंगरोगनको काम,झ्यालढोकाको काम,रेलिगंको लगायतको काम बाँकी रहेको उल्लेख । |

**बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विमांक रकम** | **कैफियत** |
|---|---|---|---|---|
| त्रिवेणी खोला ग्वाघा हेरेवा चिसापानी सडक (ठेक्का नं-०७।०७९।८०) | भुवनेश्वरि विल्डर्स ललितपुर | ५२७४४७६ | ५२७४४७७ | कम विमांक गराएको |
| शान्तिपुर टिमुरे सडक स्तरोन्नती (ठेक्का नं-०५।०७९।८०) | शम्भु एण्ड सन्स कम्पनि प्रा लि सर्लाही | ३३६८७७२ | ३३६८७७२ | कम विमांक गराएको |
| मजुवा पिपलपाटा सडक (ठेक्का नं-०६।०७९।८०) | इन्जिनियरिगं एण्ड इकोनोमिक्स कन्ष्ट्रक्शन | ३५७६५१५ | नगरेको | त्रुटी सच्याउने अवधि बाँकी रहेको |

**बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| गो.भौ.नं./मिति | विवरण | बैठक संख्या | रकम |
|---|---|---|---|
| ६४३।२०८०।०३।१९ | विधेयक समिति | १० | ६९००० |
| ६४३।२०८०।०३।१९ | सार्वजनिक सेवा तथा सुशासन समिति | ५ | ४४००० |
| ६४३।२०८०।०३।१९ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | २ | १७००० |

| | | | |
|---|---|---|---|
| ६४३।२०८०।०३।१९ | दररेट निर्धारण समिति | १ | १०००० |
| ६४३।२०८०।०३।१९ | बजेट तर्जुमा समिति | २ | ४४००० |
| ६४३।२०८०।०३।१९ | सार्वजनिक लेखा समिति | २ | १५००० |
| ६४३।२०८०।०३।१९ | राजस्व परामर्श समिति | २ | १९००० |
| ६४३।२०८०।०३।१९ | आर्थिक विकास समिति | ३ | २९००० |
| ६४३।२०८०।०३।१९ | सामाजिक विकास समिति | ३ | ३३००० |
| ६४३।२०८०।०३।१९ | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | ४ | ३१००० |
| ६४३।२०८०।०३।१९ | भौतिक पूर्वाधार समिति | २ | १४००० |
| ११।२080।०३।१९ | जिन्सी निरीक्षण समिति | ४ | २०००० |
| जम्मा | | | ३४५००० |

**बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| **गो.भौ.नं.।मिति** | **कार्यक्रम** | **सामाग्री** | **संख्या** | **दर** | **रकम** |
|---|---|---|---|---|---|
| ६२३।२०८०।३।१९ | जेष्ठ नागरिकहरूलाई सहायता वितरण | थर्मस | १२० | १२५० | २८२५० |
| ६४८।२०८०।०३।१९ | अपाङ्ग लक्षित कार्यक्रम | Blind Stick | ४ | ७९१ | ३१६४ |
| | | लठ्ठी | ४ | ६७८ | २७१२ |
| | | ह्विल चेयर | १ | १२७६९ | १२७६९ |
| | | कमोड चेयर | १ | ३६७३ | ३६७२ |
| **जम्मा** | | | | | **५०५६७** |

**बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -९**

| **गोभौनं./मिति** | **योजना** | **निर्माण व्यवसायी** | **प्रयोग गरेको हेभी उपकरण** | **योजनाको मूल्यांकन** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| २०।२०७९।०८।१८ | वडास्तरीय मोटरबाटो सरसफाई योजना-८ | सिद्धबाबा कन्स्ट्रक्सन प्रा.लि. | डोजर | ४८९१७७ | ४८५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२।२०७९।०८।२७ | विशुखर्क वडास्तरीय मोटरबाटो सरसफाई-२ | सिद्धबाबा कन्स्ट्रक्सन प्रा.लि. | डोजर | ४८५००० | ४८५००० |
| ४२७।२०८०।०३।२१ | खादिकोट ग्वाघा मोटरबाटो योजना उ.स. | टिमुरे कन्स्ट्रक्सन प्रा.लि. | डोजर | ६०२२९० | ६०२२९० |
| ४२५।२०८०।०३।२१ | सराङ्ग दिव्रुङ्ग दह मुर्जैवा योजना उ.स. | भैरवकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स | डोजर | ७८१५०८ | ७८१५०८ |